# गढवा गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
## गढवा देउखुरी, दाङ
## लुम्बिनी प्रदेश, नेपाल

गढवा गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
गढवा, दाङ
लुम्बिनी प्रदेश, नेपाल

प.सं ०७९/०८०
मितिः २०७९/१०/२७

चलानी नं. - १२१२

विषय - न्यूनतम रोजगारीमा संलग्न हुनको लागि निवेदन दिने सम्वन्धी सूचना ।

प्रस्तुत विषयमा रोजगारीको हकसम्बन्धी ऐन,२०७५ को दफा ११,रोजगारीको हक सम्बन्धी नियमावली,२०७५ को नियम ७ र प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालन निर्देशिका, २०७५ (दोस्रो संसोधन) को दफा १८ अनुसूचि १ बमोजिम आ.व. ०८०/०८१ का लागि यस गाँउपालिकाको रोजगार सेवा केन्द्रको समन्वयमा प्रदान गरिने १०० दिन बराबरको न्यूनतम रोजगारीमा संलग्न भई सार्वजनिक विकास निर्माणका काममा योगदान गर्न इच्छुक १८ वर्ष देखि ५९ वर्ष उमेर समूहका बेरोजगार नागरिकहरुले यहि मिति २०७९ फागुन १ गते देखि फागुन मसान्त सम्ममा आफू स्थायी बसोबास गरेको सम्बन्धित वडा कार्यालयमा बेरोजगार व्यक्तिको सूचीमा सूचिकृत हुन निवेदन दिनुहुन यो सूचना प्रकाशित गरिएको छ। निवेदनको ढाँचा र यस सम्बन्धि विस्तृत जानकारी गाँउपालिकाको रोजगार सेवा केन्द्र वा प्रधानमन्त्री रोजगार कार्यक्रमको वेवसाइट बाट प्राप्त गर्न सकिनेछ।

आवश्यक कागजातहरूः-

- नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि १ प्रति
- हालसालै खिचेको पासपोर्ट साइजको फोटो १ प्रति
- निवेदनको बुँदा(३)(उ) अनुसारको सबै परिवारको संख्याको विवरण १४ नं. बुँदामा उल्लेख गर्नुपर्ने छ।

१०/२७

आशिष चौधरी

प्रमुख प्रशासकीय अधिकृत

आशिष चौधरी
प्रमुख प्रशासकीय अधिकृत